म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्ष:१७ अङ्क:- १५८ २०८३ वैशाख १८ गते शुक्रबार 1 May 2026, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## ८ दिनमा १०४४ जना लागूऔषध कारोबारी पक्राउ

काठमाडौं : नेपाल प्रहरीले सञ्चालन गरेको स्विप अप्रेसन अन्तर्गत ९-१६ वैशाखसम्म ८ दिनको अवधिमा देशभरिबाट लागुऔषध कारोबारमा संलग्न १ हजार ४४ जना व्यक्तिहरू पक्राउ परेका छन् । जसमध्ये उपत्यकाबाट ४१ जना, कोशी प्रदेशबाट ५ सय ९३ जना, मधेश प्रदेशबाट ३० जना, बागमती प्रदेशबाट ५१ जना, गण्डकी प्रदेशबाट १ सय ४० जना, लुम्बिनी प्रदेशबाट ४२ जना, कर्णाली प्रदेशबाट ८७ जना र सुदूरपश्चिम प्रदेशबाट ६० जना पक्राउ परेका हुन् । सो अवधिमा अवैध लागुऔषध गाँजा १ सय ७६ किलो ५१ ग्राम १ सय ८० मिलिग्राम, चरेस १६ किलो ८ सय ९ ग्राम ४ सय मिलिग्राम, हेरोइन १ किलो ३ सय ७२ ग्राम ८ सय ६६ मिलिग्राम, पोलेन १ किलो १ सय ४२ ग्राम, नियन्त्रित लागूऔषध डाईजेपाम १ हजार २ सय २४ एम्पुल, फेनारगन १ हजार ४ सय १७ एम्पुल, बुप्रेनोर्फिन १ हजार ७६ एम्पुल, लुपिजेसिक ४१ एम्पुल, ट्रामाडोल ६२ हजार ९५ ट्याब्लेट, नाइट्राभेट २ सय ४२ ट्याब्लेट, स्पास्मो १ सय ३ ट्याब्लेट प्रहरीले बरामद गरेको छ। *स्रोत : अनलाइनखबर ।*

## रोल्पा जिप दुर्घटना

# २० जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बिहिबार दिउँसो रोल्पा जिप दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ । खोज तलासका क्रममा दुर्घटनास्थलमा २० जनाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रवक्ता प्रहरी निरीक्षक सुनिल थापा नेपालीले बताए ।



उनका अनुसार रूकुम पूर्वको सिस्ने गाउँपालिका-५ का ३२ वर्षीय समीर कामी घाइते छन् । उनको बायाँ खुट्टा, निधार र बायाँ आँखामा चोट रहेको तथा अवस्था मध्यम रहेको प्रहरी निरीक्षक नेपालीले जानकारी दिए । बोल्न सक्ने अवस्थाका उनको आधारभूत जलजला अस्पताल थवाङ रोल्पामा उपचार भइरहेको छ ।

दुर्घटनामा परेको लु १ ज ४१६७ नम्बरको जिप सिस्ने गाउँपालिका-५ टाकुराका बेदबहादुर बिकले चलाएका थिए । जिप दिउँसो करिब पौने ३ बजेतिर थवाङ गाउँपालिका-१ सल्यापबाट जिप झन्डै ८०० सय मिटरमुनि खसेको थियो ।

घटनास्थल जटिल भूगोल हुनुका साथै पानी परिरहेको हुँदा उद्दार कार्यमा ढिलाइ भएको रोल्पाका प्रहरी प्रमुख डिएसपी वीरेन्द्रवीर विश्वकर्माले बताए । दुर्घटनामा ज्यान गुमाउनेहरू वैशाख पूर्णिमाका दिन रोल्पाको जलजलामा लाग्ने ठूलो मेलाका लागि त्यता जाँदै थिए ।

# ‘प्रशासनिक सुधार र बजेटको प्रभावकारितामा प्राथमिकता’

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रशासनिक सुधार र बजेट कार्यक्रमको प्रभावकारी व्यवस्थापन वर्तमान सरकारको मुख्य प्राथमिकता रहेको बताएका छन् । मुख्यमन्त्री बानियाँले प्रदेश सरकारको संरचनालाई चुस्त बनाउन मन्त्रालयको संख्यामा कटौतीको अन्तिम तयारी भइरहेको बताए ।

हेटौंडामा आयोजित पत्रकार सम्मेलन मार्फत् उनले अनावश्यक खर्च कटौती, इन्धन र भ्रमण भत्तामा नियन्त्रण गरी राज्यको कोष बचाउने अभियानमा सरकार लागेको समेत बताए । मुख्यमन्त्री बानियाँले सरकारले विगतका कतिपय कमजोरी र त्रुटिहरुलाई सच्याउँदै प्रदेशको विकास र सुशासनमा केन्द्रित भएको बताए । विगतका सरकारले गरेका कतिपय नीतिगत र बजेट विनियोजनका त्रुटीहरुलाई सच्याएर अघि बढ्नुपर्ने चुनौती रहेको मुख्यमन्त्री बानियाँको भनाइ छ ।

‘प्रशासनिक सुधार सरकारको पहिलो प्राथमिकता हो । अहिले कायम रहेका मन्त्रालयहरुको संख्या धेरै हुँदा खर्च बढेको छ । त्यसैले हामी मन्त्रालय संख्या कटौती गरेर सरकारलाई छरितो र कार्यकुशल बनाउँदैछौं । उक्त कार्य आगामी बजेटअघि नै कार्यान्वयनमा आउनेछ ।’ उनले भने, ‘विगतमा कतिपय महत्वपूर्ण र गौरवका आयोजनाहरुमा न्यून बजेट विनियोजन गरेर काममा अवरोध भइरहेको थियो । त्यसलाई व्यवस्थापन गर्न निकै कठिनाइ भयो ।’ उनका अनुसार विगतको सरकारको सामान्य त्रुटिले गौरीटार रंगशाला जस्तो गौरवको आयोजनामा १ लाख रुपैयाँ विनियोजन भएको थियो । उक्त अवस्था अन्य योजना तथा कार्यक्रममा पनि भएकाले त्यसलाई व्यवस्थापन गर्न स्रोत तथा नीतिगत समस्या भोग्नु परेको उनले बताए । सरकारले विगतका सबै कमजोरीहरुलाई सच्याएर हाल विकासका आयोजनाहरुलाई प्राथमिकताका साथ अघि बढाएको उनले बताए ।

बजेटको प्रभावकारी कार्यान्वयनमा सरकारले जोड दिएको मुख्यमन्त्री बानियाँले बताए । मुख्यमन्त्रीले कुल ६७ अर्बको बजेटमध्ये ४१ अर्ब पुँजीगत खर्च रहेको र त्यसलाई पारदर्शी ढंगले खर्च भइरहेको बताए । शासन र प्रशासनबीचको समन्वयमा कुनै समस्या नरहेको उनले दावी गरे । मुख्यमन्त्री बानियाँले जनतालाई दिइने सेवामा पारदर्शिता ल्याउन डिजिटाइजेशनलाई प्राथमिकता दिएको बताए । विशेषगरी यातायात कार्यालय र अन्य सार्वजनिक सेवा दिने निकायहरुमा हुने ढिलासुस्ती र गुनासो अन्त्य गर्न सरकार कठोर भएर लागेको उनले बताए । ‘बजेट कार्यक्रमको प्रभावकारी व्यवस्थापन नै समृद्धिको आधार हो । हामीले साधारण खर्चमा २ अर्ब कटौती गरेर विकास निर्माणमा लगाउने लक्ष्य राखेका छौँ । सोही अनुसार सुशासनको लागि सार्वजनिक खर्चहरु निकै कटौती गरिएको छ ।’ उनले भने ।

## नयाँ शैक्षिक सत्रमा प्रधानाध्यापकको योजना

# अभिभावकलाई मनोसामाजिक परामर्शले परिवर्तन गरेको छ : प्रधानाध्यापक श्रेष्ठ

नानीमाया सापकोटा

हेटौंडा : २०१६ सालमा स्थापित हेटौंडा-१३ स्थित महेन्द्र माध्यमिक विद्यालय जिल्लाकै सबैभन्दा पुरानो विद्यालयहरु मध्येमा पर्दछ । स्थापनाको ६६ औं वर्ष पुरा गर्दा पनि अपवादका वर्ष बाहेक यस विद्यालयले खासै आफ्नो पहिचान बनाउन सकेको छैन । विद्यालयको गुणस्तरमा खासै अभिभावकहरुले ध्यान नदिइकनै आफ्ना बालबालिका स्वत: पठाउने गर्दथे । किनकी केही समय अघिसम्म विद्यालयहरुबीच प्रतिस्पर्धा भन्ने सोँच नै आएको थिएन । त्यसमाथि यो विद्यालय बजार क्षेत्रबाट टाढा ग्रामीण क्षेत्रमा स्थापित भएकोले विद्यार्थीको कमि पनि थिएन, विशेष विद्यालयको पहिचान पनि बन्न सकेन । तर केही समययता स्थानीय रुपमा निजी विद्यालयको स्थापना र सञ्चालन तथा सामुदायिक विद्यालयबीच भएको प्रतिस्पर्धात्मक वातावरण बन्दै गएपछि यो विद्यालय पनि आफ्नो पहिचान जोगाउन संघर्ष गर्दैछ ।



यस विद्यालयबाट अघिल्लो वर्ष १ सय ४६ जना विद्यार्थी विद्यालय शिक्षा परीक्षा (एसइइ) मा सामेल भएका थिए । तर परीक्षामा ३३ जना मात्रै उत्तीर्ण हुन सफल भएको नतिजा आयो । यसपछि विद्यालयले विभिन्न सचेतना कार्यक्रम सञ्चालनका लागि योजना बनायो । विद्यालयले अभिभावक लगायत विद्यार्थी लक्षित विविध कार्यक्रमहरु गर्‍यो । यस वर्ष विद्यालयबाट ८१ जनाले एसइइमा सहभागी भएका छन् तर विविध कार्यक्रम गरेपछि यस वर्ष करिब ५० प्रतिशत उत्तिर्ण हुने अपेक्षा गरेको विद्यालयका प्रधानाध्यापक बिष्णु श्रेष्ठले जानकारी दिनुभयो ।

यस विद्यालयमा हाल कक्षा बालकक्षा (इसिडी) देखि कक्षा १२ सम्म पढाइ हुन्छ । तर शिक्षाको गुणस्तरमा फरकपना ल्याउन खासै केही गरेको थिएन । विद्यालयमा ३१ जना शिक्षकहरु रहेकोमा ५जना शिक्षक विद्यालयले निजी स्रोतबाट राखेको छ । निजी मध्ये २ जना शिक्षकहरु बालकक्षाका लागि रहेका छन् भने बाँकी कक्षा ८ सम्मलाई पढाउँछन् । विद्यालयका पुराना शिक्षक सबैले अंग्रेजीमा दख्खल नराख्ने भएको कारण थप गरिएको प्रधानाध्यापक श्रेष्ठ बताउनुहुन्छ ।

अभिभावकहरुको आफ्ना बालबच्चाको शिक्षाप्रति कुनै चासो नदेखेपछि विद्यालयले शैक्षिक गुणस्तर सुधारका लागि अघिल्लो शैक्षिक सत्रमा अभिभावक तथा विद्यार्थीलाई मनोसामाजिक परामर्श कार्यक्रम आयोजना गरेको थियो । विशेषगरी कक्षा १० लाई लक्षित गरी गरिएको कार्यक्रम सो वर्ष ३ पटकसम्म सञ्चालन गरियो । यस्तै अघिल्लो वर्षको एसइइको नतिजाले थलिएको विद्यालयले यस वर्ष राम्रो नतिजा ल्याउन कक्षाका ८७ जनालाई क्षमताको आधारमा सात सात जनाको समूह बनाई १ जना संयोजक शिक्षक खटाइयो । यसका साथै यि समूहहरुलाई सक्रिय तथा प्रभावकारी बनाउन कक्षा शिक्षकको काम, कर्तव्य र अधिकार एवम् कक्षा सञ्चालन कार्यविधि २०८२ निर्धारण गरी विद्यालयले विभिन्न शैक्षिक क्रियाकलापहरु सम्पन्न गरेको प्रधानाध्यापक श्रेष्ठले उल्लेख गर्नुभयो । उहाँका अनुसार ति समूहका संयोजकहरुले समूहका सदस्य विद्यार्थीहरुको समस्या पत्ता लगाउने, अभिभावकहरुसँग समन्वय तथा सम्पर्कमा रहने, समूहको विद्यार्थीको व्यक्तिगत समस्या नै पत्ता लगाई छलफल गरी समाधानमा ध्यान दिने, अभिभावकहरुलाई महिनामा एक पटक बिद्यालयमा समन्वय गर्नेपर्ने, लगायतका नियमहरु बनाएर काम गर्न थालियो । यसका लागि शिक्षकहरु बिद्यार्थीको घरमै गई अभिभावकसँग समन्वय गरी काम गर्न थालियो । यतिमात्र नभई ६ कक्षादेखि १० कक्षासम्मको २ महिनासम्म प्रत्येक हप्ता शनिबार चक्रीय परीक्षाहरु सञ्चालन गर्न थालियो ।

यस्तै यस विद्यालयले अघिल्लो शैक्षिक सत्रमा सुरु गरेको अर्को कार्यक्रम विद्यार्थीको ज्ञानको दायरा बढाउने उद्देश्यले कामको संसार कार्यक्रम थियो । विद्यार्थीलाई आफ्नो वातावरणमा हुने पेशागत तथा उद्यम, सेवा कसरी हुन्छ भन्ने बुझाउने उद्देश्यले गरिएको यो कार्यक्रम अन्तर्गत विद्यालयले आफ्नो वडाभित्रै रहेको पशुसेवा कार्यालय, पदमपोखरी अस्पताल, सहकारी कार्यालय, वडा कार्यालय लगायतको अवलोकन गराइएको थियो । यस्तै हेटौंडा अस्पतालमा डाक्टर तथा नर्सको काम, होटलमा लगी होटल व्यवस्थापनको काम, बिस्कुट उद्योगमा लगेर उद्योगको काम बारे सिकाइ अवलोकन कार्यक्रम समेत गरियो ।

विद्यालयमा केही अघिसम्म पठनपाठनमा ध्यान नदिने तर नतिजा नराम्रो आउँदा शिक्षकहरुलाई गाली गर्न आउने परिपाटी रहेकोमा अघिल्लो वर्षको मनोपरामर्श कार्यक्रमपछि अभिभावकहरुमा परिवर्तन आएको श्रेष्ठको अनुभव छ । यसअघि शिक्षकलाई गाली गर्ने अभिभावकहरु अहिले शिक्षकसँग सल्लाह माग्न थालेका छन् । यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको करिब ३० प्रतिशत विद्यार्थीहरुको आमा-बुबा दुवैजना बैदेशिक रोजगारीमा रहेको पाइएको र १० प्रतिशत विद्यार्थीहरुको अभिभावकहरु छुट्टिएको देखिएको श्रेष्ठको भनाइ छ । अभिभावकको रुपमा विद्यार्थीहरु हजुरबुवा वा हजुरआमासँग रहेको देखिएको उहाँले बताउनुभयो । यि समस्याले गर्दा अभिभावकीय भूमिकामा सुधार आइहाल्न सक्ने स्थित नदेखिए पनि अभिभावकलाई सचेत गराउन विद्यालय लागीपरेको छ ।

अघिल्लो वर्ष सुधारमा ध्यान नदिइएको तर अति आवश्यक लागेको अर्को विषय विद्यार्थीमा भाषागत समस्या छ । माथिल्लो कक्षाका विद्यार्थीलाई नै नेपाली भाषा पढ्न र लेख्न समस्या देखेपछि विद्यालयले यस वर्ष आउँदो जेठ र असारमा २ महिना नेपाली भाषा सिकाउन लागिएको श्रेष्ठले जनाउनुभयो । यस्तो उपचारात्मक विधिले विद्यार्थीको भाषागत सुधार आए अर्को वर्ष पनि यो कार्यक्रमलाई निरन्तरता दिने उहाँको योजना छ । साथै लेखाइबाट मात्र सिकाइ हुन सम्भव नहुने भन्दै सुरु गरिएको कामको संसार कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिने विद्यालयको योजना छ । अहिले विद्यालय साना कक्षाबाटै शैक्षिक गुणस्तर सुधार गर्ने प्रयासमा रहेको समेत प्रधानाध्यापक श्रेष्ठले बताउनुभयो ।

## अतिक्रमित संरचना हटाउन सीडीओलाई गृहको

समाज संवाददाता

काठमाडौं : सरकारले देशभरका अतिक्रमित जग्गामा बनेका संरचना हटाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा सर्कुलर जारी गरेको छ ।

गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीहरूलाई पत्र पठाउँदै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी मन्त्रालयमा पठाउन पनि भनेको छ । जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिएको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए ।

यसअघि चैत २० मै गृहले पत्रमार्फत परिपत्र गरिएको थियो । बुधबार सचिवस्तरीय निर्णय गर्दै अतिक्रमण हटाउने कार्यका लागि सुरक्षा प्रबन्ध लगायतका आवश्यक सहजीकरण गर्न अनुरोध गरिएको छ । सरकारले अतिक्रमित संरचना हटाउने कार्यले तिव्रता दिइरहेको छ । शुक्रबारबाट काठमाडौंका सबै नदी किनारमा बनेका अतिक्रमित संरचना हटाइँदैछ । बिहीबार काठमाडौंका ती क्षेत्रमा माइकिङ भइरहेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

# हेटौंडा खानेपानी बोर्डका कर्मचारीले १५ दिनमै तलब पाए




समाज संवाददाता

हेटौंडा : संघीय सरकारको घोषणाअनुरुप हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले कर्मचारीलाई १५ दिनमै तलब भुक्तानी गरेको छ । बैशाख महिनाको १५ दिनको तलब बिहिबार (बैशाख १७ गते) भुक्तानी गरिएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप विष्टले जानकारी दिनुभयो ।

‘संघीय सरकारको घोषणापछि हामीले आवश्यक तयारी गर्‍यौं’, अध्यक्ष विष्टले भन्नुभयो, ‘पहिलो पटक भएकोले केही ढिलो भएर बैशाख १७ गते १५ दिनको तलब भुक्तानी गरेका छौं । अबदेखि हरेक १ गते र १५ गतेकै दिन तलब भुक्तानी गर्छौं ।’ पाक्षिक रुपमा तलब भुक्तानी गर्दा कर्मचारीको खर्च व्यवहार सहज हुनुका साथै आन्तरिक अर्थतन्त्र पनि चलायमान हुने विश्वास लिइएको अध्यक्ष विष्टले बताउनुभयो । संघीय सरकारको अर्थ मन्त्रालयले बैशाख ४ गते १५ दिनमा तलब रकम भुक्तानी गर्न परिपत्र गरेको थियो ।

सबै प्रकृतिका कर्मचारीलाई एकसाथ रकम भुक्तानी गरिएको अध्यक्ष विष्टले बताउनुभयो । हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा स्थायी, करार, अस्थायी र दैनिक ज्यालादारी गरी १ सय ४ जना कर्मचारी कार्यरत छन् । १५ दिनको आधारभूत तलब वापत १९ लाख १२ हजार रुपैयाँ भुक्तानी गरिएको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका लेखा प्रमुख एवम् सूचना अधिकारी संजय कुमार न्यौपानेले जानकारी दिनुभयो ।

आधारभूत तलब १५ दिनमा वितरण गरे पनि सञ्चयकोष, सामाजिक सुरक्षा कोषमा मासिक रुपमै दाखिला गर्नुका साथै अन्य भत्ताहरु मासिक रुपमै वितरण गरिने बताइएको छ । संघीय खानेपानी मन्त्रालयमातहतको बोर्ड नै सम्भवत: १५ दिनमा तलब वितरण गर्ने मकवानपुर जिल्लाको पहिलो कार्यालय हो ।



## सम्पादकीय

# विद्यालयमा महिला नेतृत्व

विद्यालयको प्रशासनिक तथा शैक्षिक गतिविधिको नेतृत्व लिने मुख्य व्यक्ति हो- प्रधानाध्यापक । अध्यापक (शिक्षक)हरुको प्रमुखको रुपमा रहने भएकाले प्रधानाध्यापक भन्ने गरिएको भए पनि विद्यालयको सबै प्रकारको व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुन्छ । विद्यालयको सफलता/असफलता सामान्यतया: प्रधानाध्यापककै सोच, लगन, कार्यशैली र नेतृत्व सीपमा निर्भर गर्दछ । विद्यालय तहमा महिला शिक्षकको संख्या वृद्धि हुँदै जाने क्रममा विद्यालयको नेतृत्वमा पनि महिलाको संलग्नता बढ्दै गएको छ । मकवानपुरका सबैजसो पालिकाका विभिन्न विद्यालयहरुमा प्रधानाध्यापक बनेर महिलाले नेतृत्व लिइरहेका छन् । जिल्लाकै दुर्गम भन्ने गरिएको राक्सिराङ गाउँपालिकाका विद्यालयहरुमा पनि महिला शिक्षक प्रधानाध्यापक भएर विद्यालयको विकासमा अग्रसर भइरहेका छन् ।

५० वटा विद्यालय रहेको राक्सिराङ गाउँपालिकाको ९ वटा विद्यालयमा महिला प्रधानाध्यापक रहेका छन् । पालिकाको ३ वटा माध्यमिक विद्यालय र ६ वटा आधारभूत विद्यालयको नेतृत्व महिलाले लिइरहेका हुन् । गाउँपालिकाका ५ वटा माध्यमिक विद्यालयमध्ये ३ वटामा महिला प्रधानाध्यापकले विद्यालयको नेतृत्व गर्नुले नेतृत्वमा महिला सहभागिता वृद्धि भएको मान्न सकिन्छ । गाउँपालिकाको माध्यमिक विद्यालयमै महिला प्रधानाध्यापकको संख्या धेरै हुनुले महिलाप्रति हेर्ने दृष्टिकोण र राख्ने सोचमा परिवर्तन ल्याउने आशा गर्न सकिन्छ । विद्यालय तथा अन्य क्षेत्रमा पुरुष शिक्षकहरु नै नेतृत्वमा आउन खोज्ने परिपाटीलाई राक्सिराङले परिवर्तन गर्ने सम्भावना बढाएको छ । ६ सयभन्दा बढी विद्यार्थी रहेको, प्राविधिक धारसहितको १२ कक्षासम्म पढाइ भइरहेको विद्यालयको नेतृत्व तहको जिम्मेवारी महिला शिक्षकले लिएकी छिन् ।

विद्यालयको नेतृत्व गर्नुलाई चुनौतीपूर्ण काम मानिन्छ । महिलालाई कमजोर ठान्ने पितृसत्तात्मक सोचबाट ग्रस्त समाजमा महिलाले नेतृत्व लिन खोज्नुलाई नै एउटा उपलब्धि मान्न सकिन्छ । विद्यालयको प्रधानाध्यापक भएर सबै पक्षको साथ, सहयोग र सहभागिता जुटाउँदै विद्यालय सञ्चालन गर्न सफल हुनुलाई साँच्चै बहादुरी मान्नुपर्छ । महिला शिक्षक प्रधानाध्यापक भएर काम गर्न निकै चुनौतीपूर्ण ठान्ने गरिएको छ । प्रधानाध्यापक भएर आफूसँग भएको नेतृत्व क्षमता देखाउन, सबैलाई समेट्न, नीति नियम व्यवस्थापन गर्न, विभेदका समस्या समाधान गर्न, शिक्षक तथा विद्यार्थीमा अनुशासन कायम गर्न सहज नभएको स्वयम् महिला प्रधानाध्यापकको स्वीकारोक्ति छ । आफूसँग भएको क्षमता देखाउँदा पनि महिला भएकै कारण विभेदको सामना गर्नुपरेको अनुभूति महिला प्रधानाध्यापकको छ । जातीय विभेदमा पर्ने गरेको महिला प्रधानाध्यापकको गुनासो छ ।

हाम्रा सामुदायिक विद्यालयहरुमा समस्याका चाङ छन् । अपर्याप्त भौतिक पूर्वाधार, विषयगत शिक्षक दरबन्दी अभाव, शिक्षण सिकाइमा प्रविधिको न्यून पहुँच, कमजोर नतिजाजस्ता समस्याले सामुदायिक विद्यालयमा अभिभावक तथा विद्यार्थीको आकर्षण कम हुँदै गएको छ । सरकारले आवश्यक बजेट व्यवस्थापन गर्न नसक्दा र नि:शुल्क शिक्षाको रटानमा पैसा लिन नपाउँदा सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापसमेत प्रभावकारी बन्न सकेको छैन । सरकारको पर्याप्त लगानी, समुदायको चासो, शिक्षकको लगन, विद्यार्थीको पठन संस्कृति सबै पक्षमा ह्रास आएका कारण धेरैजसो सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ । विद्यालयका तमाम समस्या र चुनौती सामना गर्दै प्रधानाध्यापक बनेर विद्यालय सुधारको प्रयत्न गर्ने महिला शिक्षकको आँटलाई सबैले सम्मान गर्नुपर्छ । सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै विद्यालयको सबै पक्षको विकास र सुधारमा अग्रसर महिलाको मनोबल बढाउन सकेमा महिला नेतृत्वले सार्थकता पाउन सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : मौसम प्रतिकुल रहने देखिन्छ । |
| **वृष** | : अध्ययनमा रुचि बढ्ने छ । |
| **मिथुन** | : साथीभाइसँगको लेनदेनमा ध्यान दिनुपर्ने देखिन्छ। |
| **कर्कट** | : पठनपाठनमा सुधार गर्न एकाग्रता कायम गर्नुपर्ला । |
| **सिंह** | : पारिवारिक शान्ति र सहकार्यको वातावरण बन्ला। |
| **कन्या** | : छरछिमेकमा अनुकुल अवस्था नरहने देखिन्छ । |
| **तुला** | : व्यापार, व्यवसाय राम्रो हुने संकेत छ । |
| **वृश्चिक** | : स्वास्थ्यमा समस्या आउन सक्छ। खानपिनमा ध्यान दिनुपर्ला । |
| **धनु** | : पुराना वक्यौता असुलउपर हुने योग छ । |
| **मकर** | : प्रेम सम्बन्धमा विशेष ध्यान दिनुपर्ला। |
| **कुम्भ** | : अभिभावकको हेरचाहमा ध्यान दिँदा समय अनुकुल हुनेछ । |
| **मीन** | : लामो दूरीको यात्रा नगर्दा राम्रो हुनेछ। |

*हाम्रा विद्यालयहरूको दशा*

# कतै विद्यार्थीको भीड सम्हाल्न गाह्रो, कतै विद्यार्थी खोज्दै हैरान

१. बैशाख महिना विद्यालयको शैक्षिक सत्र प्रारम्भको महिना हो। अहिले विद्यालयमा विद्यार्थी भर्ना अभियान चलिरहेको छ । नयाँ भर्ना पनि यहि बेला हो । अध्ययनरतहरुको कक्षोन्नति भई मथिल्लो कक्षा सुरुवात पनि यहि महिनाबाट हुन्छ। सरकारले भर्ना सप्ताह भनेर तोकिदिएको छ। नीजि तथा सरकारी दुबै प्रकारका स्कूलहरुमा भ्याई नभ्याई छ। कतिपय सरकारी तथा नीजि स्कूलहरुले आएका सबै विद्यार्थी भर्ना गर्न नसकेर प्रवेश परीक्षा लिई उत्कृष्ट विद्यार्थी मात्र छनौट गरी भर्ना लिँदै आइरहेका छन्। यसरी राम्रा मात्र छानेर भर्ना लिंदा नतिजा पनि राम्रै हुन्छ। अनि, स्वभावैले सबैको ध्यान त्यतै तानिन्छ। अधिकांश अभिभावक सस्तो महँगो भन्दा पनि स्तरीय शिक्षा हेर्छन्। शुल्क कम परोस्, शिक्षा राम्रो होस् भन्ने चाहना सबैको हुन्छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क भने तापनि व्यवहारमा लागु हुन सकेको छैन । त्यस भित्र विद्यालय कर्मचारीको व्यवस्था, मर्मत सम्भारका खर्चहरु, पानी तथा विद्यूत महसुल, पुस्तकालय र प्रयोगशाला व्यवस्थापन, बस ड्राईभर र ईन्धन लगायतका दर्जनौं शिर्षकमा हुने खर्चहरु सरकारले दिन सकेको छैन। आफ्ना सन्ततीहरुको स्तरीय शिक्षा आम अभिभावकको अपेक्षा हो । केटाकेटीहरु पढाउनकै लागि भनेर शहरमा बसाईं सर्नेहरु पनि कम छैनन् ।

२. सरकारी विद्यालयमा पढाई छैन भनेर आलोचना गर्नेहरुले सरकारी विद्यालय भित्र प्रवेश नगरेको वर्षौं भएको हुन सक्छ। पछिल्लो दशकमा सरकारी स्कूलहरुको भौतिक अवस्था सुदृढ र आकर्षक मात्र होइन, विकसित मुलुकसँग प्रतिस्पर्धा गरिरहेको देखिन्छ। विद्यार्थी भर्नाका लागि भनसुन गर्नेहरु र पावर लगाएर भर्ना गर्नेहरु सहजै भेट्न सकिन्छ । एकाध नाजुक र जीर्णलाई उदाहरण बनाएर सरकारी स्कूलहरुको नकारात्मक प्रचारबाट व्यवसाय गर्नेहरु अब टिक्न कठिन भएको स्विकार गरिरहेका छन्। त्यसो त कतिपय नीजि विद्यालयहरु विद्यार्थी खोज्दै घरदैलो गरिरहेको देखिन्छ । विभिन्न सुविधाका सूची वितरण गरी विद्यार्थी आकर्षणका अनेकौं उपायहरु छरपष्ट गरेको त धेरैले भेटेको हुनुपर्छ। विद्यार्थीसँग असुलेको शुल्क विगतमा सुविधाका लागि खर्च हुँदैनथे भने अहिले कम्तिमा पनि खर्च देखाउन थालिएको छ । शिक्षकलाई न्यूनतम पारिश्रमिक दिई कमजोर भौतिक अवस्थामा पढाएर व्यापक नाफा आर्जन गर्ने नीजि स्कूलहरु आज फरक शैलीमा देखिएका छन् । सरकारी स्केल सरह नै पारिश्रमिक दिने र शिक्षक कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने अभ्यास सुरु भइसकेको छ । भौतिक अवस्थामा पनि सुधार गरिएका छन् । शिक्षण शैली पनि फेरिएको छ । यो सकारात्मक पक्ष भन्नै पर्दछ। नतिजा पनि राम्रै देखिन्छ । संस्कारयुक्त जीवनोपयोगी शिक्षाका उदाहरणहरु भेटिनु अर्को प्रशंसनीय पक्ष हो ।




३. विगतमा अंग्रेजी माध्यम नीजि स्कूलको मात्र पहिचान थियो । अभिभावक र विद्यार्थीको अंग्रेजी भाषा प्रतिको आकर्षण बृद्धिले गर्दा पछिल्ले दशकमा सरकारी स्कूलहरुमा पनि अंग्रेजी माध्यम लागु गरियो । अतिरिक्त पाठ्यपुस्तकहरु पनि अभ्यासमा ल्याईए । बस र नर्सको व्यवस्थाले कतिपय सरकारी स्कूलहरुले पुनर्जीवन प्राप्त गरेको भन्न सकिन्छ। मुलुकमा अहिले करिब २७ हजार सरकारी र करिब ८ हजार वटा संस्थागत स्कूलहरु संचालनमा रहेको सरकारी तथ्याङ्कमा भनिएको छ। कूल विद्यार्थीको करिब ७५ प्रतिशत विद्यार्थी अहिले पनि सरकारी स्कूलमै अध्ययनरत रहेको तथ्याङ्क छ । जनसंख्या बृद्धिदर घट्दो क्रममा रहेकाले पनि विद्यालयहरुमा विद्यार्थी संख्या घटिरहेको स्थिति स्विकार्नै पर्छ ।

भवनहरु राम्रा बने । नयाँ-नयाँ ल्याबहरु बनेका छन् । कम्प्युटर ल्याब नभएको स्कूल सायदै भेट्न सकिन्छ । शहरमा मात्र होइन, दूरदराजका स्कूलहरुले बालमैत्री वातावरणका अभ्यासहरु गरिरहेका छन् । शिक्षण विधि फेरिएको छ । हिजोका ब्ल्याक बोर्डहरु आज विस्थापित भै सकेका छन्। ह्वाईट बोर्डहरु पनि ओझेल परिसके। प्रोजेक्टर प्रिजेन्टेशनलाई स्मार्ट बोर्डहरुले विस्थापित गरिहेका छन्। हिजो एसएलसी गरेका शिक्षकहरुबाट कक्षा १० सम्मै पढाउनु पर्ने अवस्था थियो। शिक्षक मात्र कम होइन, विषयगत शिक्षक त समस्या थियो । अहिले स्थिति बदलिएको छ। आज आधारभूत तहमा पढाउने शिक्षकहरु धेरैले मास्टर्स डिग्री गरेका छन्। तालिम प्राप्त, दक्ष र क्षमतावान शिक्षकहरु आयोगबाट सिफारिस भई आएका छन्। यी सबैमा व्यापक सुधार भइरहेका बेला कक्षाकोठा भने रित्ता हुनुलाई अर्थपूर्ण ढंगले हेरिएको छ।

४. सबैभन्दा बढी विद्यार्थी अध्ययनरत नेपालको स्कूलमा कालिका मानव ज्ञान मावि बुटवल एक सरकारी स्कूल नै हो, जहाँ ८ हजार ५ सय भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको भनिएको छ । त्यस्तै रुपन्देहीको शान्ति नमूना मावि, जनता मोडेल मावि धनुषा, कान्ति मावि बुटवल, नविन औद्योगिक स्कूल बुटवल, ज्ञानोदय मावि काठमाडौं, विश्व निकेतन मावि काठमाडौं, त्रिजुद्ध मावि पर्सा, सुकुना मावि मोरङ, पद्मोदय मावि चितवन, नारायणी नमूना मावि चितवन, बागेश्वरी मावि भक्तपुर, संकटमोचन मावि धनुषा, नेपाल आदर्श मावि कपिलवस्तु, पोखरिया मावि मोरङ, लगायतका विद्यालयहरु सरकारी नै हुन् । मुलुकभर नियाल्ने हो भने यस्ता सरकारी विद्यालयहरु पचासौं अरु छन् । यी सबैमा विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षामा अब्बल हुनै पर्छ ।

हेटौंडाका भूटनदेवी मावि, आधुनिक मावि, सिद्धार्थ मावि, बालज्योति मावि, जनप्रिय माविमा विद्यार्थी भर्नाका लागि लागेको भीड थेगी नसक्नु नै भएको संचारमाध्यममा फोटोसहित खबर पढेकै हो । नीजितर्फ लिटल एन्जल्स, सेन्ट जेभियर्स, रातोबंगला, डिएभि केडिया, प्रिमियर ईन्टरनेशनल, युलेन्स स्कूल, बुढानिलकण्ठ स्कूल, नोबेल एकेडेमी, लगायतका काठमाडौंमा रहेका अधिकांश स्कूलहरुमा भर्नाका लागि भीड लाग्ने गरेको देखिन्छ। शहरका विद्यालयहरुमा विद्यार्थी खोज्ने स्कूल कमै देखिन्छन् भने गाउँ तथा दुर्गमका अधिकांश स्कूलहरु भने विद्यार्थी खोज्दै हैरान भएका देखिएका छन् । कतै शिक्षक र विद्यार्थी संख्या बराबर भएको स्कूल पनि मिडियामा आएका छन् ।

५. अधिकांश विद्यालयमा विद्यार्थी न्यून हुँदै जानुको कारण आजको गम्भिर समस्या हो । जनसंख्या बृद्धिदरको घट्दो क्रमले मात्र विद्यार्थी घटेको होईन । हाम्रो भूगोल अनि विद्यालयको नक्सांकन अर्को समस्या हो। हिजो वडा-वडामा, टोल-टोलमा राजनीतिक होडबाजीका कारणले विद्यालय खोल्ने प्रतिस्पर्धा नै चल्यो । विद्यार्थीका चाहना र ईच्छाका मनोभावहरु अध्ययन विश्लेषण नभएको कारणले पनि यो स्थिति देखिएको हुनसक्छ। भौतिक सुविधाले पनि विद्यार्थी तान्न सकेन भन्ने देखिएको छ । शैक्षिक गुणस्तरका उच्च ग्रेड र जिपिएले पनि विद्यार्थीलाई छोएन । शिक्षकहरुको दक्षता, योग्यता र अतिरिक्त क्षमताले पनि विद्यार्थी आकर्षण गर्न नसकेर नै होला, भर्ना अभियानका नाममा घरदैलो गर्न परेको ।

यहाँ उठान गरिएका प्रसंगहरु र सन्दर्भहरु प्रतिनिधित्वका रुपमा बहस र विश्लेषणका लागि प्रस्तुत गरिएका हुन् । जिम्मेवार वर्गका लागि जरुरी विषय बन्न सक्छन् । कहिँ न कहिँ हाम्रो शिक्षा प्रणालीमा समस्या भएर नै आजको शैक्षिक समस्या उब्जिएको तथ्यमा कतै बिमति छैन । स्कूलमा हुनुपर्ने केटाकेटीहरु कोहि पनि कुनैपनि कारणबाट बाहिर नरहुन भन्ने अभिप्राय भर्ना अभियानको एक पाटो बुझ्न जरुरी छ । त्यसैगरी भर्नाका लागि थेगी नसक्नु विद्यार्थीको भीड भएका स्कूलमा के त्यस्ता आकर्षण छन् भनेर विद्यार्थी खोज्दै घरआँगन जानु परेका स्कूलहरुले सिक्न बिलम्व भैसकेको छ । चिन्ता बैशाखको दुई सातासम्म मात्र होइन, समाधान नहोउञ्जेल गम्भीर बन्नै पर्दछ । विद्यार्थी भर्ना अभियान औपचारिकतामा सीमित बन्नु हुँदैन भन्ने अपेक्षा पनि यहाँ जोडिएको छ ।

# हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ

जनताले परिवर्तन चाहेका छन्, सायद नेताहरूले पनि ! तर जनताले चाहेको र नेताले चाहेको परिवर्तनको स्वरूप र शैली एउटै हो ? यदि यो समय निर्वाचन घोषणा गरेको दिनदेखि गत फागुन २१ सम्मको हुन्थ्यो भने 'हो' भन्न सकिन्थ्यो । पार्टी र नेताहरू जुन लयमा हिँडे पनि उनीहरूले सुनाउने निष्कर्ष समाजिक संरचनाको सबैभन्दा पिँधमा रहेका जनताका पक्षमा थिए । यो चुनावमा जसले जनतालाई कन्भिन्स गर्न सके तिनै जनताका नेता बने । राजनीतिक शक्तिको स्वरूप स्वाट्टै उल्टियो, सडकमा हुनेहरू सत्तामा पुगे, सत्तामा तीसौं वर्षदेखि राईंदाइँ गरेकाहरू सडकमा ओर्लिए ।

शासकीय दृष्टिकोणबाट हेर्दा भएको परिर्वतन जम्माजम्मी यत्ति नै हो । तर यो परिवर्तनको उद्देश्य केवल एउटा शक्तिलाई अर्को शक्तिले विस्थापन गर्नु थिएन । विभिन्न अपेक्षाहरूमध्ये मुख्य अपेक्षा त ट्र्याक बाहिर गएको राजनीतिलाई ट्र्याकमा ल्याउनु थियो । वर्षौंदेखि सञ्चित असन्तुष्टि, भ्रष्टाचारप्रतिको वितृष्णा, कमजोर सेवा प्रवाह र राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वासले जनमतलाई यस्तो दिशातिर धकेल्यो जहाँ नयाँ अनुहारलाई विकल्पका रूपमा सजिलै स्वीकार गरियो । तर यो स्वीकारोक्ति विश्वासको भन्दा बढी अस्वीकारको परिणाम थियो ।

हामीले गत निर्वाचनभन्दा पहिले साक्षात्कार गरेका मतदातहरूले भनेका थिए- पुरानाले गरेनन्, नयाँलाई हेरौं । तर उनीहरूले हामीलाई भनेका थिएनन् कि पुरानाले गरेनन्, नयाँले गर्छन् । जनताले शंकासहित गरेको अपेक्षालाई विश्वासमा परिणत गर्न नेतृत्वमा पुगेकाहरूले अधिकतम मिहिनेत गर्नुपर्ने हो । तर यही मनोविज्ञान बुझ्न नसक्दा लोकतन्त्र बारम्बार संकटमा पर्छ। यसका बाछिटाहरू देखिन थालेका पनि छन् । हाम्रो पछिल्लो राजनीतिक परिवर्तन घटनाको शृङ्खला मात्रै थिएन । जनमतको मनोविज्ञान, नेतृत्वको शैली र लोकतान्त्रिक संस्थाहरूको बिग्रिएको स्वास्थ्य अवस्था मुख्य कारक थिए । त्यसैले परिवर्तनको माग बलियो थियो, त्यही एजेन्डाले जित्यो पनि ।

धेरै संकेतहरूले देखाउँछन्, नयाँ शक्तिहरूको उदय मुख्यत: पुराना दलप्रतिको गहिरो वितृष्णाबाट सम्भव भयो । यस्तो अवस्थामा जनादेश सकारात्मक विश्वासको भन्दा 'नकारात्मक अस्वीकार' को रूप हुन्छ। यही बिन्दुमा लोकतन्त्रको परीक्षा सुरु हुन्छ, किनकि आक्रोशले ढोका खोल्छ, तर संस्थागत विवेकले मात्र घर बनाउँछ । रास्वपा र प्रधानमन्त्री बालेन शाहको उभार यही आक्रोशको तरंगमाथि सवार भएर आएको हो । जनताले उनीहरूलाई नयाँ भन्दै समर्थन गरे पनि त्यो समर्थन नीतिगत बहस र संस्थागत खाकामाथिको भरोसाबाट कति आएको थियो भन्ने प्रश्नको जवाफ खोज्न अझै बाँकी छ । सायद आउँदो समयले यस प्रश्नको जवाफ विवेचनासहित देला ।यद्यपि, हामीले यति चाहिँ भन्न सक्छौं- समर्थनको ठूलो हिस्सा पुराना शक्तिहरूलाई दण्ड दिन चाहने भावनाबाट नै प्रेरित थियो। यसलाई राजनीतिक भाषामा 'नेगेटिभ म्यान्डेट' पनि भनिन्छ, जहाँ मत कसैलाई जिताउनभन्दा पनि कसैलाई हराउनका लागि दिइन्छ। यस्तो जनादेशले तत्काल ऊर्जा दिन्छ, तर स्थायित्वको ग्यारेन्टी गर्दैन ।




फ्रान्सेली राजनीतिक चिन्तक अलेक्सिस दे टकभिलले आफ्नो प्रसिद्ध कृति डेमोक्रेसी इन अमेरिका (१८३५-१८४०) मा लोकतन्त्रको शक्ति र सीमाबारे गहिरो विश्लेषण प्रस्तुत गरेका थिए । जुन अहिलेको नेपाली राजनीतिक चरित्रसँग मिल्दोजुल्दो देखिन्छ । टकभिलले विशेषगरी 'बहुमतको निरंकुशता' भन्ने अवधारणामा भनेका छन्- यदि बहुमतको शक्ति संस्थागत नियन्त्रण, कानुनी सन्तुलन र आलोचनात्मक सार्वजनिक बहसबिना प्रयोग हुन थाल्यो भने त्यसले स्वतन्त्रतालाई नै कमजोर बनाउन सक्छ । उनका अनुसार लोकतन्त्रमा बहुमत शक्तिशाली अवश्य हुन्छ, तर यदि त्यसलाई नियमन गर्ने संस्थाहरू, नियमहरू र नागरिक चेतना बलिया भएनन् भने बहुमत आफैं निरंकुश बन्न सक्छ। बहुमतको शक्ति संस्थागत नियन्त्रणबिना चल्यो भने त्यो स्वतन्त्रतामाथि नै भारी पर्न सक्छ। अनि आक्रोशबाट बनेको बहुमतले यदि व्यक्तिलाई संस्थाभन्दा माथि राख्यो भने खतरा सानोतिनो संकेतबाट देखिन थाल्छ ।

उसो त राष्ट्रिय स्वतन्त्र पार्टी र प्रधानमन्त्री बालेन शाहको उदयलाई धेरैले 'नयाँ युगको सुरुवात' भनेर व्याख्या गरे । तर यथार्थमा त्यो समर्थन उनीहरूको नीति र संस्थागत दृष्टिकोणभन्दा बढी पुराना दलहरूप्रतिको आक्रोशबाट जन्मिएको थियो । जनताले विकल्प रोजे, तर त्यो विकल्पप्रतिको भरोसाभन्दा पुरानाप्रतिको अस्वीकार बढी बलियो थियो। सायद यो पनि लोकतन्त्रमाथि खतराकै संकेत हो । लोकतन्त्रमा सबैभन्दा ठूलो खतरा तब आउँछ जब जनताले स्वतन्त्रताभन्दा तात्कालिक सन्तुष्टिलाई प्राथमिकता दिन्छन् । हामीकहाँ जनताले तत्काल परिवर्तनको चाहनामा नयाँ नेतृत्वलाई स्वीकार गरे, तर त्यो स्वीकारोक्ति आलोचनात्मक परीक्षणबाट भएको थिएन। यसले समयभन्दा पहिले नै हाम्रा प्रधानमन्त्री बालेन शाह र उनी आवद्ध पार्टी रास्वपालाई पुलपुल्याएको छ। यही कारण पनि आजको राजनीतिक समर्थन स्थिर होइन र चाँडै बदलिने सम्भावना छ ।

हो यो समर्थनलाई यथास्थितिमा राख्न पनि सकिन्छ, यो समर्थनलाई जुगौं जुगसम्म तन्काउन पनि सकिन्छ। तर त्यसका लागि सबैभन्दा पहिले जनताको विश्वास जित्नुपर्छ र अझ परम्परागत राज्य संरचनाले सबैभन्दा पुछारमा पारेका जनताको माया पाउनुपर्छ । किनभने, कुनै पनि शासन नेताको व्यक्तित्व, जनताको विश्वास अनि कानुनी र संस्थागत वैधताकै आधारमा दीर्घकालीन हुन्छ । नेपालमा अहिले नयाँ नेतृत्वको उदय व्यक्तित्वमा आधारित हो । जनताले व्यक्तिको साहस, बोली र शैलीलाई समर्थन गरेका हुन् । तर राजनीतिकशास्त्रीहरूको पुराना अध्यनअनुसार व्यक्तित्वमा आधारित रहेर जनताले दिएको वैधता दीर्घकालीन हुँदैन, जबसम्म त्यो संस्थागत वैधतामा रूपान्तरण हुँदैन। यदि संस्थालाई बलियो नबनाई व्यक्तिलाई मात्र बलियो बनाइयो भने, त्यो लोकतन्त्रको स्थायित्वका लागि खतरा बन्छ। किनभने, शक्ति त्यतिबेला मात्रै टिक्छ जब नागरिकले त्यसलाई स्वेच्छाले स्वीकार गर्छन् । तर जब शक्ति केवल व्यक्तिको नियन्त्रणमा सीमित हुन्छ, त्यो अन्तत: हिंसा वा दमनमा रूपान्तरण हुन्छ । यसले राजनीतिक निकास दिँदैन, जुन हामीले नेपालकै लामो राजनीतिक इतिहासमा देखेभोगेकै छौं ।

त्यतिधेरै पर जान पनि पर्दैन । २०७४ को निर्वाचनपछि ठूलो बहुमतसहित सत्तामा आएका केपी शर्मा ओलीको शासनकाल यसको स्पष्ट उदाहरण हो । सुरुमा जनताले उनको हरेक कदमलाई सकारात्मक रूपमा लिए । उनले जे बोले पनि लोकप्रिय भयो, जे गरे पनि समर्थन मिल्यो। तर, विस्तारै उनले संसद्को भूमिकालाई बेवास्ता गर्न थाले, अध्यादेशमार्फत शासन चलाउन थाले र संस्थागत प्रक्रियामाथि व्यक्तिगत नियन्त्रण बढाउन खोजे । सुरुमा जनताको समर्थनले यो प्रवृत्तिलाई बलियो बनायो, तर अन्तत: त्यही समर्थन विरोधमा परिणत भयो । यसको परिणाम के भयो, यही निर्वाचनमा एमालेले ल्याएको मतले स्पष्ट देखाइसकेको छ । राजनीतिशास्त्रीहरू यसलाई 'मेजोरिटी टिरानी' को रूपमा व्याख्या गर्छन्, जहाँ बहुमतको समर्थनका आडमा लोकतान्त्रिक खम्बाहरूलाई कमजोर बनाइन्छ ।

बालेन शाह प्रधानमन्त्री बनेपछिको यो एक

बाँकी पृष्ठ ३ मा...

# भीमफेदीका ११६ जना सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध



*सामाजिक सुरक्षा कोषमा आवद्ध महिला स्वास्थ्य स्वयंसेविकालाई परिचयपत्र वितरण गर्नुहुँदै मुख्यमन्त्री बानियाँ ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको भीमफेदी गाउँपालिकाले १ सय १६ जना अनौपचारिक क्षेत्रका श्रमिक तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको छ। बिहिबार एक कार्यक्रमको आयोजना गर्दै गाउँपालिकाले ४७ जना सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र ७९ जना अनौपचारिक क्षेत्रका श्रमिक गरी १ सय १६ जनालाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र बागमती प्रदेशका श्रम रोजगार यातायात मन्त्री जयराम थापाले कोषमा आबद्धता भएका मजदुरहरुलाई परिचयपत्र वितरण गर्नुभएको थियो। कार्यक्रममा बोल्दै मुख्यमन्त्री बानियाँले सामाजिक सुरक्षा कोषले श्रमिकको जीवन सुरक्षित गर्ने र सुरक्षित जीवनमा सुख र खुशी आफैं आउने बताउनुभएको छ । नागरिकको जीवन सुरक्षित पार्नु राज्यको दायित्व भएको बताउँदै मुख्यमन्त्री बानियाँले भीमफेदी गाउँपालिकाका श्रमिकको अधिकारलाई संरक्षण गर्ने दायित्वमा सफल हुँदै स्थानीय तहहरुमा नमुना काम गर्न सकेकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले अबको बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशका १ सय १९ वटै पालिकाहरुमा अनौपचारिक तथा औपचारिक क्षेत्रका श्रमिक तथा कामदारहरुलाई सामाजिक सुरक्षा कोषमा लैजान प्रदेश सरकारले ५० प्रतिशत खर्च व्यहोर्ने गरी व्यवस्था गरिने स्पष्ट पार्नुभयो ।

गाउँपालिकाले हालसम्म ३ सय ११ जना अनौपचारिक क्षेत्रका मजदुरहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराएको छ । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ मा सामाजिक सुरक्षा कार्यक्रमका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई कोषमा आवद्ध गराउन गाउँपालिकाले न्यूनतम पारिश्रमिकको ११ प्रतिशत र गाउँपालिकाको तर्फबाट ९.३५ प्रतिशत थप गरी कुल २०.३५ प्रतिशत अर्थात मासिक २ हजार ४ सय ७९ रुपैयाँ कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको भिमफेदी गाँउपालिकाका अध्यक्ष हिदम लामाले जानकारी दिनुभएको छ। सामाजिक सुरक्षा योजना अन्तर्गत श्रमिकहरूले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा तथा वृद्धावस्था सुरक्षा जस्ता सेवा सुविधा प्राप्त गर्नेछन् ।

भीमफेदी गाउँपालिकाले सामाजिक सुरक्षा कोषसँग २०८० साउन ३० गते सम्झौता गर्दै कार्यक्रम अघि बढाएको थियो । गाउँपालिका अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने नेपालकै पहिलो गाउँपालिका तथा बागमती प्रदेशकै अग्रणी स्थानीय तहका रूपमा स्थापित भएको छ । गाउँपालिका अध्यक्ष हिदम लामाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको पनि आतिथ्य रहेको थियो ।

# गौतम बुद्ध



अभि चौलागाईं

लुम्बिनीको शान्त ठाउमा
गौतम बुद्ध जन्मिनु भयो
माया, दया र सत्यको
सन्देश लिएर आउनुभयो ।।

दरबारको सुख त्यागी
जंगलतिर जानुभयो
जीवनको साँचो अर्थ
खोज्दै ध्यानमा बन्नुभयो ।।

शान्ति र अहिंसाको बाटो
हामीलाई देखाउनुभयो
महान् गुरु बुद्धले
संसार उज्यालो बनाउनुभयो ।।

कक्षा–७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा–२

# आज बुद्ध जयन्ती

समाज संवाददाता

हेटौँडा : वैशाख शुक्ल पूर्णिमाका दिन आज देशभर २५७० औँ बुद्ध जयन्ती भगवान् बुद्धप्रति आस्था प्रकट गरी मनाइँदैछ। आज बुद्ध जयन्ती र उभौली पर्व एकै दिन परेको छ। सरकारले आज देशभर सार्वजनिक बिदा दिएको छ। गौतम बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण प्राप्ति पनि वैशाख शुक्ल पूर्णिमाकै दिन भएकाले यस दिनलाई बौद्ध धर्मावलम्बीले त्रिसंयोग दिवसका नामले महत्वपूर्ण दिनका रुपमा लिने गर्छन् ।

नेपालको लुम्बिनीमा इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६८ वर्षअघि सिद्धार्थ गौतमको जन्म वैशाख शुक्ल पूर्णिमाकै दिनमा भएको थियो । राजा शुद्धोधन र रानी मायादेवीको सुपुत्रका रुपमा जन्मिएका सिद्धार्थ गौतम २९ वर्षको उमेरमा घरबार र दरबार त्यागी ज्ञानको खोजीमा निस्किएका थिए । हिन्दू दर्शनले बुद्धलाई विष्णु भगवानको नवौं अवतार मान्दछ । यसैकारण वैशाख शुक्ल पूर्णिमामा हिन्दू र बौद्ध दुवै धर्मावलम्बीले बुद्धलाई पूजा गरी बुद्ध जयन्ती मनाउँछन् । यस अवसरमा मकवानपुरमा रहेका विभिन्न गुम्बाहरुमा आज बौद्ध धर्मावलम्बीहरुले विविध कार्यक्रम गरी मनाउँदै छन् । यस अवसरमा देशका विभिन्न स्थानमा बुद्धको मूर्ति र अस्थि धातुसहित प्रभातफेरि एवम् शोभा यात्रा निकालिन्छ। प्रभातफेरि र शोभा यात्रामा 'बुद्धम् शरणम् गच्छामि', 'धम्मम् शरणम् गच्छामि' र 'संघम् शरणम् गच्छामि' को मन्त्र जप गरिन्छ।





निविता लामा

कक्षा–६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा–२

# शान्तिको ज्योति बुद्ध



सारिका बास्तोला

लुम्बिनीको पावन माटोमा,
फुल्यो शान्तिको सुनौलो फूल
संसारभरि उज्यालो छरियो
बुद्ध बनेर झल्किए अनमोल मूल ।।

त्यागे राजसी सुखका महल,
हिंडे सत्यको खोजीमा एक्लै,
वन वन घुम्दै, ध्यानमा लिन,
अन्धकार चिर्दै उज्यालो टिप्दै ।।

करुणाका गहिरा आँखा
दया लाग्दो मधुर मुस्कान
अहिंसा नै सर्वोत्तम धर्म भन्दै
दिए संसारलाई अमूल्य ज्ञान ।।

लोभ, मोह, क्रोधको ज्वाला
शान्त मनले निभाउन सिकाए
मध्यम मार्गको सरल बाटो
जीवनलाई सुन्दर बनाएर देखाए ।।

कक्षा–७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा–२

# श्रमिकको सुरक्षा र हकहितका लागि 'निर्माण सम्झौता' प्रभावकारी बन्दै

**सन्दर्भ : अन्तर्राष्ट्रिय मजदुर दिवस**



*(क्युपेक) नेपाल मकवानपुरका सचिव पूर्णबहादुर बराल ।*

समाज संवाददाता

हेटौँडा : निर्माण क्षेत्रमा कार्यरत अनौपचारिक क्षेत्रका श्रमिकहरूको अवस्था अझै पनि दयनीय रहेको र उनीहरू राज्यको प्राथमिकतामा पर्न नसकेको नेपाल बिजुली पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक) नेपाल मकवानपुरका सचिव पूर्णबहादुर बरालले बताउनु भएको छ । विशेषगरी निर्माण मजदुरीमा संलग्न श्रमिकहरू आर्थिक, सामाजिक र राजनीतिक रूपले पछाडि परेकाले उनीहरूको हक, अधिकार सुनिश्चित गर्न क्युपेक नेपालले विगत लामो समयदेखि आवाज उठाउँदै आएको उहाँको भनाइ छ । औपचारिक क्षेत्रका मजदुरहरूको पारिश्रमिक समयसापेक्ष वृद्धि हुने व्यवस्था भए पनि अनौपचारिक क्षेत्रका निर्माण श्रमिकहरूले भने अझै पनि रोजगारीको अनिश्चितता र न्यून ज्याला भोग्नु परिरहेको अवस्था छ ।

निर्माण क्षेत्रमा काम गर्ने श्रमिकहरूले भोग्नुपर्ने प्रमुख चुनौतीमध्ये काम गरेवापतको पारिश्रमिक नपाउनु रहेको बरालले बताउनुभयो । यस्तो समस्या समाधानका लागि क्युपेक नेपालले 'निर्माण सम्झौता' को अवधारणा अघि सारेको छ । यसअन्तर्गत घरधनी, स्वरोजगार श्रमिक र ट्रेड युनियनबीच त्रिपक्षीय सम्झौता गरिन्छ । यो सम्झौताले श्रमिकको पारिश्रमिक सुरक्षित गर्ने मात्र नभई कामको क्रममा हुन सक्ने जोखिमको समेत व्यवस्थापन गर्दछ। सम्झौता गर्दा लिइने निश्चित शुल्क सिधै दुर्घटना कोषमा जम्मा हुने र सोही कोषबाट कार्यस्थलमा दुर्घटना भएमा श्रमिकलाई उपचार खर्च तथा मृत्यु भएको खण्डमा ५ लाख रुपैयाँसम्मको राहत उपलब्ध गराउने व्यवस्था गरिएको क्युपेक नेपाल मकवानपुरका सचिव बरालले जानकारी दिनुभयो ।

विगतमा श्रमिकहरूले पारिश्रमिक नपाएको भन्दै वार्षिक ५० देखि १ सय वटासम्म उजुरी प्राप्त हुने गरेकोमा पछिल्लो समय निर्माण सम्झौताको अभ्यास बढेसँगै यस्ता उजुरीहरूमा कमी आएको उहाँले जानकारी दिनुभयो। संस्थाले पारिश्रमिक नदिने रोजगारदातालाई प्रशासन र सुरक्षा निकायसँगको समन्वयमा झिकाएर मध्यस्थता गरी श्रमिकको रकम फिर्ता गराउने कार्यमा सहजीकरण गर्दै आएको छ । देशमा नयाँ सरकार र राजनीतिक अवस्थाप्रति टिप्पणी गर्दै उहाँले सरकार जसको आए पनि श्रमिकको सुशासन र समृद्धिमा ध्यान दिनुपर्ने बताउनुभयो । श्रम ऐन २०७४ को प्रभावकारी कार्यान्वयन र ट्रेड युनियन अधिकारको रक्षा हुनुपर्नेमा उहाँको जोड दिनुभयो ।

संविधानको धारा १७ र ३४ ले प्रत्याभूत गरेको मौलिक हक र ट्रेड युनियन खोल्ने अधिकारलाई कुण्ठित नगर्न र श्रमिकहरूलाई उत्पादनमूलक कार्यमा जोड्दै आत्मनिर्भर बनाउन सरकारले ठोस कदम चाल्नुपर्ने आवश्यक रहेको उहाँले औंल्याउनुभयो । आज शुक्रबार १३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा यस वर्ष पनि भव्य कार्यक्रमको तयारी गरिएको छ । श्रमिकहरूको चाडको रूपमा लिइने यस दिवसको अवसरमा आज शुक्रबार बिहान हेटौँडाको बुद्धचोकबाट प्रभातफेरी सुरु गरी रोयल पार्टी प्यालेसमा पुगेर सभामा परिणत हुने कार्यक्रम रहेको उहाँले जानकारी दिनुभयो ।

# हजार माइलको निरंकुशता...

महिनामा देखिएको शैलीले पनि यस्तै संकेत दिन थालेको छ । उनको लोकप्रियता, दृढ निर्णय क्षमता र भ्रष्टाचारविरुद्धको छविले जनतालाई आकर्षित गरेको हो । तर पछिल्ला घटनाहरूले केही प्रश्न भने अवश्य उठाएका छन्। संसद्लाई प्राथमिकता नदिने प्रवृत्ति र संवेदनशील विषयहरूमा पर्याप्त परामर्श बिना लिइएका उनका निर्णयहरूले उनी आफूलाई 'सुपेरियर' ठान्छन् या उनको ढंग नपुगेको हो अझै पनि आकलन गर्न सकिएको छैन । विशेषगरी सुकुम्बासी जस्तो जटिल सामाजिक प्रश्नमा देखिएको एकतर्फी दृष्टिकोणले लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएको छ । यस्तो विषयमा केवल कानुनी कठोरता पर्याप्त हुँदैनथ्यो, त्यसमा मानवीय संवेदना, सामाजिक न्याय र सहभागितामूलक निर्णय प्रक्रिया आवश्यक हुन्थ्यो । तर यी आधारभूत पक्षहरूलाई बेवास्ता गरिँदा त्यो केवल प्रशासनिक निर्णय भनेर बस्न सकिने अवस्था छैन । किनभने, यहाँ त्यो लोकतान्त्रिक मूल्यहरूको अवमूल्यन भएको छ ।

यसै पनि निरंकुशताको यात्रा साना संकेतबाट सुरु हुन्छ । जब जनताले नेतालाई प्रश्न गर्न छोड्छन्, जब आलोचनालाई अस्वीकार गरिन्छ, जब कानुनी प्रक्रिया छोट्याइन्छ र जब संस्थाहरूलाई बाधक ठानिन्छ, अनि निरंकुशताको बीउ रोपिन्छ । स्वतन्त्रता तब मात्र सुरक्षित रहन्छ जब नागरिक सतर्क हुन्छन् । जनताले 'नेताले जे गर्छ, ठिक गर्छ' भन्ने मानसिकता विकास गर्न थाले भने, त्यो लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा हो । इतिहासले देखाएको छ- निरंकुशता सधैं जनताको समर्थनबाट सुरु हुन्छ, निरंकुशताले सबैभन्दा पहिले जनतालाई नै पिरोल्छ । हजार माइलको निरंकुशता एकै पाइलाबाट सुरु हुन्छ ।

लोकतन्त्रको अर्को पक्ष पनि छ, त्यो आत्मसुधारको क्षमता हो । नेपालमा निरंकुशता लामो समय टिक्न नसक्ने मुख्य कारण यही हो । किनभने, हामीकहाँ जनताको राजनीतिक चेतना बलियो छ । उनीहरूले राजतन्त्रको अन्त्यदेखि गणतन्त्रको स्थापना र त्यसपछि भएका आन्दोलनहरू सबै अनुभव गरेका छन् । सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सार्वजनिक बहसले कुनै पनि निर्णयलाई तुरुन्तै परीक्षणको दायरामा ल्याउँछन् । यसले कानुनी-संस्थागत संरचनालाई बलियो बनाउँछ । संस्थागत संरचना बलियो हुँदा व्यक्तित्व केन्द्रित शक्ति सीमित हुन्छ । नेपालमा पछिल्लो समय संस्थाहरू कमजोर त पारिएको छ तर पूर्ण रूपमा समाप्त भने भएका छैनन् । यसैले कुनै पनि निरंकुश प्रवृत्ति अन्ततः चुनौतीको सामना गर्न बाध्य हुन्छ ।

तर, यहाँ अर्को गम्भीर प्रश्न त उठ्छ नै- के हामीले बारम्बार यही चक्र दोहोऱ्याउने हो ? पुराना दलहरूप्रति आक्रोश, नयाँ नेतृत्वप्रति आशा, त्यसपछि निराशा र फेरि अर्को विकल्पको खोजी। यदि राजनीति यही घेरामा सीमित रह्यो भने लोकतन्त्र कहिल्यै पनि परिपक्व हुँदैन । उसो त लोकतन्त्र सरकार परिवर्तन गर्ने प्रणाली मात्रै पनि त होइन । त्यो राजनीतिक संस्कार निर्माण गर्ने प्रक्रिया हो । यदि नागरिकले व्यक्तिपूजाको सट्टा संस्थालाई प्राथमिकता दिन सिकेनन् भने कुनै पनि नयाँ नेतृत्व अन्ततः पुरानै समस्यामा फस्नेछ। किनकि, स्वतन्त्रता संस्थाबाट सुरक्षित हुन्छ, व्यक्तिबाट होइन ।

आजको अवस्थामा नेता र जनता दुवैपक्ष जिम्मेवार बन्नुपर्ने हो। नेताले आफ्नो लोकप्रियतालाई व्यक्तिगत अधिकारको रूपमा होइन, सार्वजनिक जिम्मेवारीको रूपमा लिनुपर्छ । संस्थालाई कमजोर बनाउने कुनै पनि प्रयास अन्ततः आफ्नै पतनको कारण बन्नेछ भन्ने कुरा बुझ्नुपर्छ । जनताले पनि समर्थनलाई अन्ध समर्थनमा परिणत हुन दिनु हुँदैन। प्रश्न गर्ने, आलोचना गर्ने र उत्तरदायित्व माग्ने संस्कार नै लोकतन्त्रको आधार हो। यदि जनताले आफ्नो आलोचनात्मक दृष्टि गुमाए भने उनीहरू स्वयं निरंकुशताको आधार बन्छन्, निरंकुशबाट प्रताडित हुन्छन् ।

यसै पनि अहिले हामीसँग दुइटा बाटा छन् । व्यक्ति केन्द्रित शासनतर्फ जाने बाटो वा संस्थागत लोकतन्त्रलाई बलियो बनाउने बाटो। नयाँ नेतृत्वले संस्थागत प्रक्रिया, पारदर्शिता र सहभागितामूलक निर्णयलाई प्राथमिकता दियो भने यो परिवर्तन ऐतिहासिक उपलब्धि बन्न सक्छ। तर व्यक्तिगत निर्णय, तात्कालिक लोकप्रियता र हावादारी समर्थनमा आधारित शासनलाई निरन्तरता दिइयो भने त्यो लोकतन्त्रका लागि खतरनाक मोड हुनेछ । किनभने, लोकतन्त्रको सबैभन्दा ठूलो सुरक्षा नागरिकको चेतनामा हुन्छ । यही चेतना जोगाउन सके मात्र मुलुकले आफ्नो लोकतान्त्रिक यात्रालाई सुरक्षित राख्न सक्छ । स्रोत : अनलाइनखबर ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बााझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।



### बागमती गोल्डकप सुरू
# बागमती युथको विजयी सुरुवात


*रेफ्रीलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको उद्‌घाटन गर्नुहुँदै बागमती प्रदेश सभा सदस्य कुमारी मोक्तान ।*

**समाज संवाददाता**

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिकामा आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता सुरु भएको छ। बिहिबार बागमती-४ स्थित सहिद स्मृति रंगशालामा भएको उद्‌घाटन खेलमा आयोजक बागमती खेलकुद विकास समितिलाई ३-० गोलले हराउँदै सर्लाहीको बागमती युथ क्लबले विजयी सुरुवात गरेको छ ।

बागमतीको जीतमा सुजन गुरुङले ३१ औं मिनेटमा, राजु लोलेले ६८ औं र अनिष महर्जनले ७१ औं मिनेटमा गोल गरे । प्लेयर अफ दि म्याच बागमतीका लागि पहिलो गोल गरेका गुरुङ घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे। बागमती युथले सेमिफाइनल प्रवेशका लागि सातौं संस्करणका विजेतासमेत रहेको चर्च ब्वाइज युनाइटेड, ललितपुरसँग प्रतिस्पर्धा गर्नेछ। चर्च ब्वाइजले समूह ए बाट बाई पाएको हो ।

प्रतियोगिता अन्तर्गत आज शुक्रबार त्रिभुवन आर्मी क्लब काठमाडौं र बाराको नव जनजागृति युवा क्लबबीच खेल हुनेछ । प्रतियोगितामा आयोजकसहित १० टिम सहभागी छन् । प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ र उपविजेताले ५ लाख रुपैयाँ पाउनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ, विधागत उत्कृष्टहरुले २५-२५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १०-१० हजार प्राप्त गर्नेछन् । फाइनल खेल बैशाख २६ गते हुनेछ ।

बागमती खेलकुद विकास समितिका अध्यक्ष रहर सिं थिङको सभाध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता उद्‌घाटन कार्यक्रममा बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत ओम बहादुर दर्जी र एन्फा केन्द्रीय सदस्य टीकाराम लामा लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुरकी शान्तिलाई प्रज्ञा प्रादेशिक पुरस्कार



**समाज संवाददाता**

हेटौंडा : मकवानपुरकी साहित्यकार शान्ति प्रियवन्दना प्रज्ञा प्रादेशिक पुरस्कारबाट सम्मानित हुनुभएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानले बिहीबार एक समारोहका बीच शान्तिलाई सम्मान गरेको छ।

प्रत्येक वर्ष विभिन्न विधाका प्रज्ञा पुरस्कार वितरण गर्दै आएको नेपाल प्रज्ञा प्रतिष्ठानले यस वर्षदेखि प्रज्ञा प्रादेशिक पुरस्कार पनि दिन सुरुवात गरेको हो । यस पुरस्कारको राशि ५० हजार रुपैयाँ रहेको हो । शान्ति प्रियवन्दनाले बागमती प्रदेशको प्रतिनिधित्व गर्दै यो पुरस्कार पाउनु भएको हो । पुरस्कार वितरण कार्यक्रम बिहीबार काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहल भएको थियो तर स्वास्थ्य समस्याका कारण उहाँ कार्यक्रममा पुग्नु भएन ।

२०३५ साल बैशाख १ गते मकवानपुरको भिमफेदी-४ मा जन्मिनु भएकी शान्तिको वास्तविक नाम शान्ति कुमारी सुवेदी हो । शान्ति प्रियवन्दना भने उहाँको साहित्यिक नाम हो। उहाँको पहिलो रचना 'कसम नखाउ' शिर्षकको कविता हो, जुन २०५४ सालमा हेटौंडा-६ स्थित नव जीवनज्योति क्लबको स्मारिकामा प्रकाशन भएको थियो ।

नेपाली साहित्यमा स्नात्तकोत्तर गर्नुभएकी शान्तिले विशेषगरी अखबारी लेखन, कविता र निबन्ध लेख्नु हुन्छ। पछिल्लो समय हेटौंडा-४ मा बस्दै आउनु भएकी उहाँ हाल प्रगतिशील लेखक सङ्घ बागमती प्रदेशको अध्यक्ष र प्रगतिशील लेखक संघ नेपालको केन्द्रीय सचिवालय सदस्य हुनुहुन्छ । यसअघि उहाँले आँचल साहित्य कला पुञ्ज मकवानपुरको सहसचिव, मातृभूमि साहित्य समाजको सचिव, साहित्य सङ्गम मकवानपुरको कार्यसमिति सदस्य, प्रगतिशील लेखक संघ मकवानपुरको अध्यक्ष, प्रगतिशील लेखक संघ बागमतीको सचिवालय सदस्य र नेपाल प्रज्ञा प्रतिष्ठान काव्य विभागको सदस्यको रुपमा काम गरिसक्नु भएको छ ।

उहाँ यसअघि तुलसीमाया शिवकुमारी स्मृति सिर्जनशील नारी पुरस्कार २०७५ (मकवानपुर), सुशीला दङ्गाल स्मृति सिर्जनशील नारी सम्मान २०७८ (मकवानपुर) र शान्तिदेवी स्मृति वनस्खण्डी साहित्य सम्मान २०७८ (मकवानपुर) बाट सम्मानित हुनुभएको थियो । यसैगरी साहित्य पोष्ट उत्तम काव्य पुरस्कार २०७८ (काठमाडौं), जसुदा साहित्य सम्मान २०७८ (धनगढी) र जागरुक महिला सम्मान २०८० (मकवानपुर) प्राप्त गर्नुभएको हो । अहिलेसम्म उहाँको एउटा मात्र कृति प्रकाशनमा आएको छ। उहाँको 'जिल खाइरहेको एक्काइसौं शताब्दी' कविता संङ्ग्रह २०७८ सालमा प्रकाशनमा आएको थियो ।


## शिक्षक आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/१८)

प्रस्तुत सम्बन्धमा यस श्री बुद्ध आधारभूत विद्यालयमा नि.मा.वि. तह संघीय अनुदान कोटा गणित/विज्ञान विषयको शिक्षक आवश्यक परेकोले मिति २०८३/०१/१७ को वि.व्य.स. को निर्णय एवम् थाहा नगरपालिका शिक्षा युवा तथा खेलकुद विकास शाखा इन्द्रायणीचौर मकवानपुरको २०८३/०१/१७ को च.नं. २३१८ को प्राप्त पदपूर्ति अनुमतिपत्रको आधारमा योग्य ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपशिल :**

१. विज्ञापन नं. : ०१/०८२/०८३
२. पद : निमावि (संघीय शिक्षण अनुदान गणित/विज्ञान)
३. संख्या : १ (एक)
४. शैक्षिक योग्यता : विज्ञान मूल विषय लिई शिक्षाशास्त्र संकायमा प्रवीणता तह वा सो सरह उत्तीर्ण गरेको ।
५. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. तलब सुविधा : नेपाल सरकारको प्रचलित संघीय निमावि अनुदान अनुसार ।
७. दरखास्त दस्तुर : रु. १०००/– (एक हजार रुपैयाँ मात्र ।)
८. दरखास्त दिने अन्तिम मिति : २०८३/०२/०१ गते अपरान्ह ४ बजेसम्म ।
९. सम्पर्क मिति : २०८३/०२/०१ गते ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
११. दरखास्त विद्यालयमा वा थाहा नगरपालिका शाखामा दर्ता गर्न सकिनेछ ।

**१२. आवश्यक कागजातहरू :**

क) हस्तलिखित निवेदन १ थान ।
ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी २/२ थान ।
ग) नेपाली नागरिकताको प्रतिलिपी २/२ थान ।
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि २/२ थान ।
ङ) अनुभव प्रमाणपत्रको प्रतिलिपी २/२ थान ।
(परीक्षा शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार संचालन हुनेछ । )

**पुनश्च :** परीक्षा दस्तुर ने.बै.लि. Shree Buddha Aadharbhut Vidhyalaya Bank A/C No.02500100442443000001 मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्ने छ ।

सम्पर्क : ९८४११४६४७९ (अध्यक्ष), ९८६४४६४७८५ (प्र.अ.)

श्री बुद्ध आधारभूत विद्यालय
थाहा नगरपालिका-८, काभ्रे, मकवानपुर


# हेटौंडा-१२ र १३ मा शैक्षिक गुणस्तर सुधारका लागि साझा समिति गठन

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा १२ र १३ नम्बर वडाका विद्यालयहरुले शैक्षिक गुणस्तर सुधारका निम्ति समिति गठन गरिएको छ। मंगलबार हेटौंडा-१३ स्थित महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक बिष्णु श्रेष्ठको संयोजकत्वमा साविकको पदमपोखरी गाविस अन्तर्गत पर्ने हालको हेटौंडा वडा नम्बर १२ र १३ भित्र रहेका ८ वटा विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार समिति गठन गरिएको हो ।

समितिमा वडा नम्बर १२ भित्रका बुद्ध माध्यमिक विद्यालय, प्रतिभा आधारभूत विद्यालय, विष्णुज्योति आधारभूत विद्यालय र ब्रह्मदेवी आधारभूत विद्यालय र वडा नम्बर १३ का महेन्द्र माध्यमिक विद्यालय, युगचेतना माध्यमिक विद्यालय, कालिका आधारभूत विद्यालय र चन्द्रोदय आधारभूत विद्यालय आबद्ध भएका छन् । समितिले शैक्षिक गुणस्तर सुधारका साथै २०८३ को शैक्षिक योजना निर्माण, अन्तर-विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सम्पन्न गर्ने तथा दुवै वडाका शिक्षा समितिलाई ध्यानाकर्षण पत्र बुझाउने संयोजक बिष्णु श्रेष्ठले बताउनुभएको छ ।

समितिले वार्षिक शैक्षिक योजना निर्माण गर्दै परीक्षा प्रणाली, विषयगत समिति गठन, अतिरिक्त क्रियाकलाप सञ्चालन, दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम, अभिभावक शिक्षा कार्यक्रम र शैक्षिक सामग्री निर्माण तथा तालिमका कार्यक्रमहरु तय गरिएको छ । समितिले वडा नम्बर १२ को वडा शिक्षा समितिसँग ध्यानाकर्षण गर्दै अन्तरक्रिया गरिसकेको र बिहिबार वडा नम्बर १३ को वडा शिक्षा समितिमा पनि अन्तरक्रिया गरिएको श्रेष्ठले बताउनुभयो। उहाँले कुनै पनि कार्यक्रम सञ्चालन गर्दा यि विद्यालयहरुले समन्वय गरेर मात्र काम गर्ने, यि विद्यालयहरुबीच प्रतिस्पर्धात्मक तवरले कार्यक्रम गरी आवश्यकता अनुसार प्रतिस्पर्धा र समन्वय दुवै गरिने समेत समितिले निर्णय गरेको छ । यस वर्ष परीक्षणको रुपमा समिति मार्फत कार्यक्रम गर्न लागिएको पनि श्रेष्ठले स्पष्ट पार्नुभएको छ ।

# जिल्लास्तरीय शिक्षक भलिबल आजदेखि हुने

**समाज संवाददाता**

हेटौंडा : छैठौं जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता आज शुक्रबारदेखि सुरु हुँदैछ । हेटौंडा उपमहानगरपालिका वडा नमबर ४ को शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन तथा वडा कार्यालयको आयोजनामा प्रतियोगिता हुन लागेको हो।

शनिबारसम्म सञ्चालन हुने प्रतियोगिता हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा हुनेछ । प्रतियोगितामा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकको टिम सहभागी हुनेछ। निजी स्रोतका शिक्षक तथा कर्मचारीको हकमा ६ महिना अगाडि नियुक्त भएको हुनुपर्ने व्यवस्था गरिएको छ। प्रतियोगितामा ११ वटा सामुदायिक विद्यालयको टिम सहभागी हुँदा ६ वटा संस्थागत विद्यालयको टिम सहभागी हुने प्रतियोगिताका कार्यक्रम संयोजक राजाराम पोखरेलले जानकारी दिनुभयो ।

प्रतियोगिताको विजेता टोलीले २५ हजार र उपविजेताले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा ट्रफी प्राप्त गर्नेछ । यसैगरी सेमिफाइनलमा पराजित हुने टोलीहरुले समान ५-५ हजार रुपैयाँ सान्त्वना पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा व्यक्तिगत विधातर्फ पनि पुरस्कारको व्यवस्था गरिएको छ। व्यक्ति विधातर्फ प्रतियोगिताको स्वोत्कृष्ट खेलाडीले ३ हजार रुपैयाँ, उत्कृष्ट स्पाइकर र उत्कृष्ट सेटर समान २-२ हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् ।


## फुल फर्निस्ड सटर बिक्रीमा

हेटौंडा-४, हेटौंडा क्याम्पस अगाडि रहेको लेडिज फेन्सी तथा कस्मेटिक्स पसल सञ्चालन गर्न उपयुक्त हुने फुल फर्निस्ड सटर बिक्रीमा रहेकोले ब्यवसाय गर्न इच्छुक ब्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४५१-२७०३८

सामुदायिक रेडियो,
रेडियो निकास ६३.४
मेगाहर्ज सुनौं
र सुनाऔं

## श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं ।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बालश्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरुलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चि गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरुको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## डँढेलोबाट बचौं र बचाऔं ।

डँढेलो नियन्त्रण तथा रोकथामका उपायहरु

- डँढेलो नियन्त्रण गर्न सबैको सक्रिय भूमिका आवश्यक हुन्छ ।
- जंगलमा आगो बाल्दा सावधानी अपनाउने र पूर्ण रुपमा निभाउने ।
- जनचेतना कार्यक्रम संचालन गर्ने ।
- डँढेलो देखेमा तुरुन्त निकायलाई जानकारी दिने ।
- वन क्षेत्रमा निगरानी बढाउने ।

**डिभिजन वन कार्यालय**
हेटौंडा, मकवानपुर

## डँढेलोबाट बचौं र बचाऔं

सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढैंलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**वन तथा वातावरण मन्त्रालय**
बागमती प्रदेश, नेपाल
हेटौंडा, मकवानपुर

## सूचना, सूचना, सूचना

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

सत्यम जेभियर्स इङ्ग्लिस बोर्डिङ स्कुल
हेटौंडा–४, चिसापानी
०५७–५२५५६३, ९८५५०६६४५२, ९८५५०६६५६३

# हार्दिक बधाई


*उपाधिसाथ हेटौंडा-१९ को पुरुष भलिबल टिम (बायाँ), हेटौंडा-५ को महिला भलिबल टिम (दायाँ) ।*

**आठौं संस्करणको उपमेयर कप भलिबल प्रतियोगितामा सहभागी भई महिलातर्फ उपाधि विजेता हेटौंडा-५ र पुरुषतर्फ उपाधि विजेता हेटौंडा-१९ लाई बधाई ज्ञापन गर्दै सहभागी सम्पूर्ण वडाका टिमप्रति आभार व्यक्त गर्दछौं । साथै आगामी दिनमा पनि सहभागिताको अपेक्षा राख्दछौं ।**

**केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान परिवार**
हेटौंडा, मकवानपुर


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ